नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
केन्द्रीय कार्यालय– अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

च.न ३७/०८२

मानव अधिकार, सुशासन, र सामाजिक न्यायको क्षेत्रमा तत्कालिन सरकारले नेपाल र नेपाली जनतामा विगत केही समयदेखि सुशासन दिन नसकेको, भ्रष्टाचारको गतिविधि दिन प्रतिदिन बढावा दिएको, आफन्त तथा आसेपासेलाई राज्यको स्रोत र साधन अनियन्त्रित रूपमा दोहन गर्न दिएको तथा युवा जनशक्तिको मनोभावना बुझ्न नसकी सामाजिक सञ्जाल समेतमा अनुचित बन्देज लगाउने कार्य गरी व्यापक असन्तुष्टिको सृजना हुन गएको कारण संसदमा करिब दुई तिहाई बहुमत रहेको सरकार समेत २०८२ साल भाद्र २३ र २४ गतेको जेन्जी पुस्ताको दुई दिने आन्दोलनको परिणामस्वरूप विस्थापित हुनगई ६ महिनाभित्र चुनाव गर्ने गरी चुनावी सरकार गठन हुन गएको छ। चुनावी सरकार गठनबाट नेपालीजनमा नँया आशाको किरण पलाएको छ।

नेपालीजनको मनमस्तिष्कमा जागेको आशाको किरणलाई निभ्न नदिन र नेपालमा शान्ति, सुशासन, मानव अधिकार संरक्षण र कानुनी शासन स्थापनाको लागि यस नेपाल मानव अधिकार संगठन वर्तमान सरकार समक्ष देहाय बमोजिमको कार्यहरु गर्न जोडदार माग गर्दछ :

(क) नेपालीजनताले तिरेको करको व्यापक रूपमा दुरुपयोग गर्नेगरी, भ्रष्टाचारजन्य गतिविधिमा संलग्न रहने, कानुनी शासन खिलाफ कार्य गर्ने, कानुन विपरीत शान्तिपूर्वक प्रदर्शनीमा व्यापक बल प्रयोग गरी प्रदर्शनकारीको हत्या गर्न आदेश दिने लगायतका घटनामा संलग्न दोषी उपर यथाशीघ्र छानबिन गरी कारबाही गर्न गराउन र मानव अधिकारको संरक्षण गरी दण्डहीनताको अन्त्य गर्न।

(ख) दुई दिने शान्तिपूर्वक प्रदर्शनीको समयमा विभिन्न अपराधिक मनसाय भएका तत्वहरूले व्यक्तिहरूका निजी सम्पत्ति तथा सिंहदरबार लगायतका सार्वजनिक सम्पत्तिको लुटपाट, आगजनी लगायतका ध्वंसात्मक गतिविधि गरेको र आफू संलग्न उक्त ध्वंसात्मक गतिविधिहरुलाई गौरवपूर्ण घटनाको रूपमा विभिन्न सामाजिक सञ्जालमा राखी सर्वसाधारण नेपालीजनमा डर त्राँसको वातावरण सृजना गर्ने व्यक्तिहरू माथि छानबिन गरी कडा कारबाही गर्न।

(ग) वर्तमान सरकार चुनाव सम्पन्न गर्न गठन भएको सन्दर्भमा सरकारले चुनावलाई शान्तिपूर्ण र धाँधलीरहित बनाउनको लागि मतदाता, उम्मेदवार तथा चुनावमा भाग लिने राजनैतिक दलहरूलाई शान्तिपूर्ण रूपमा चुनावमा भाग लिने वातावरण बनाउन।

(घ) २०८२ भाद्र २३ र २४ गतेको प्रदर्शनीको मूल मागको रुपमा शासकीय सुधार समेत रहेको र वर्तमान संविधान बमोजिम ती मागहरू पूरा हुन नसक्ने भएकाले ती शासकीय सुधारको माग सम्बोधन गर्न संविधानको व्यवस्था बमोजिम जनमत संग्रह गर्न।

नेपाल मानव अधिकार संगठन HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON Central Office, Kathmandu केन्द्रीय कार्यालय, काठमाडौं

नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

(ङ) सार्वजनिक सम्पत्तिको व्यापक रुपमा तोडफोड आगजनीको कारण राज्यलाई व्यापक रुपमा क्षति हुनुमा नेपालको सुरक्षा निकायहरूले आफूले व्यवसायिक रूपले कार्य नगर्नु रहेको हुनाले व्यवसायिक रुपमा काम गर्न बाधा पुर्याउने पदाधिकारीमाथि छानबिन गरी कारबाही गर्न ।

(च) नेपाली जनताको न्याय प्राप्तिको अन्तिम आशा र भरोसा रहेको अदालतहरूको भवन तथा भौतिक साधन स्रोतमा व्यापक क्षति भएको सन्दर्भमा ती भवन तथा भौतिक पूर्वाधारहरू तुरुन्त पुर्नस्थापित गर्न आवश्यकता अनुसार पर्याप्त बजेटको व्यवस्था गर्न ।

(छ) अहिलेको शासकीय परिवर्तनको मूल उदेश्य देशमा विद्यमान रहेको भ्रष्टाचारको पूर्ण अन्त्य गर्नु रहेको सन्दर्भमा राज्य संरचनाक विभिन्न पदमा बस्ने, र निजहरुको सहयोगमा अनुचित रुपमा राज्यका श्रोत साधन दुरुपयोग गरी अथाह सम्पति प्राप्त गर्ने बिचौलियाहरुको सम्पतिको छानविन गरी कारवाही गर्न तत्काल उच्च स्तरिय छानविन आयोग गठन गरी कारबाहीको दायरामा ल्याउन ।

साथै नेपाल माधव अधिकार संगठन २०८२ सालको नेपालीहरुको महान चाड बडा दशैं, तिहार र छठको उपलक्ष्यमा देश भित्र तथा देश बाहिर रहेका नेपालीजनको सुख, सम्वृद्धि र सुस्वास्थ्यको लागि हार्दिक शुभकामना व्यक्त गर्दछ ।

मितिः २०८२/०६/०९

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
९८५१०५८३६८

नेपाल मानव अधिकार संगठन
HUMAN RIGHTS ORGANISATION OF NEPAL
HURON
Central Office, Kathmandu
केन्द्रीय कार्यालय, काठमाडौं